का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ वैशाख २०८०,
बिहीबार
20 April 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ८४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

सीमा विवाद

# सरकार मौन



सीमा विवाद समाधानको विषयलाई उच्च प्राथमिकतामा राखेका छौं । देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र जनताको जीउधनको रक्षाको पूर्ण प्रत्याभूति हुने गरी राष्ट्रिय सुरक्षा नीतिलाई समेत आवश्यक परिमार्जन गर्ने सोचका साथ सरकार अगाडि बढिरहेको छ ।

● **साध्यबहादुर भण्डारी**, अभियन्ता

सीमाका विषयमा नेपाल सरकार गम्भीर ढंगले अघि बढेको छैन, सीमाविवाद समाधानमा कूटनीतिक कौशल, परिपक्वता र चातुर्यपूर्ण ढंगबाट अघि बढ्नु अत्यावश्यक छ, अन्यथा भारतको दबदबा झनै बढ्न सक्छ ।

● **रेखा शर्मा**
प्रवक्ता, नेपाल सरकार

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ६ वैशाख ।

पछिल्ला हरेक सरकारले नेपाल भारत सम्बन्ध सुधार गरेर अघि बढ्ने बताए पनि सीमा विवादका विषयमा भने सरोकारवाला निकायहरू अझै मौन देखिएका छन् । परराष्ट्रमन्त्री फेरिएपिच्छे सीमा विवादका लागि पहल गर्ने बताए पनि समाधानको पहल हुन सकेको छैन । बरु, कालापानी र लिपुलेक समेटेर चुच्चे नक्सा जारी गरिएपनि हालसम्म भुभाग फिर्ताको प्रयास हुनसकेको छैन । जसले गर्दा सदनमा समेत सो विषयले »» पृष्ठ २ मा

साना र ठूला भूभाग गरी नेपाल र भारतबीच ७० भन्दा बढी स्थानमा विवाद छ । तर पनि, भारतीय पक्ष सीमा विवाद समाधान गर्ने प्रयासमै छैन । नेपाली पक्ष पनि भारतसँग वार्तामार्फत जमिन फिर्ता ल्याउनुको सट्टा आश्वासन दिनमै व्यस्त छ ।

# लम्बियो प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया

नेपाल बार एशोसिएसन, सर्वोच्च अदालत बार एशोसिएसनलगायत कानून व्यवसायीहरुले पनि तत्काल प्रधानन्यायाधीश नियुक्त गर्न दबाब दिँदै आएका छन् ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ६ वैशाख ।

प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया लम्बिएको छ । बुधबार बसेको संवैधानिक परिषदको बैठक को एउटै एजेण्डा थियो - प्रधानन्यायाधीश नियुक्ति सम्बन्धमा । तर परिषदको बैठक कुनै निर्णयमा पुग्न सकेन । परिषदका सदस्य एवं राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना भन्छन्, 'तत्काल अर्को बैठक बस्न सक्ने अवस्था पनि छैन् । त्यसकारण प्रधानन्यायाधीशको सिफारिस गर्ने विषय केही दिन पर धकेलियो ।'

कानूनमन्त्रीको जिम्मेवारी पाएका उपप्रधानमन्त्री पूर्णबहादुर खड्का पनि प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया केही लम्बिएको बताउँछन् । उनका अनुसार परिषदको बैठकका लागि अर्को मिति पनि तोकिएको छैन् ।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले अनिवार्य अवकाशमा गएपछि २७ मंसिर २०७९ देखि प्रधानन्यायाधीश पद रिक्त छ । हाल कायममुकायम प्रधानन्यायाधीशमा हरिकृष्ण

तत्काल अर्को बैठक बस्न सक्ने अवस्था छैन । त्यसकारण प्रधानन्यायाधीशको सिफारिस गर्ने विषय केही दिन पर धकेलियो ।

● **गणेशप्रसाद तिमिल्सिना**
अध्यक्ष, राष्ट्रिय सभा

कार्की छन् ।

प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषदमा विपक्षी दलका नेता केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपसभामुख इन्दिरा राना सदस्य छन् । प्रधानन्यायाधीशको नियुक्ति सिफारिस गर्दा कानूनमन्त्री सदस्यका रुपमा रहन्छन् भने अन्य संवैधानिक पदाधिकारीको नियुक्ति सिफारिस गर्दा प्रधानन्यायाधीश सदस्य रहन्छन् ।

यसअघि प्रमुख तीन दलका नेताहरुको बैठकले प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउने सहमति गरेको थियो । त्यस आधारमा बसेको परिषद बैठकले निर्णय लिन नसकेको हो । नेपाल बार एशोसिएसन, सर्वोच्च अदालत बार एशोसिएसन लगायत कानून व्यवसायीहरूले पनि तत्काल प्रधानन्यायाधीश नियुक्त गर्न दबाब दिँदै आएका छन् ।


बुधबारको बैठकले प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउन नसक्नुको पछाडि प्रमुख विपक्षी दलको नेताको असन्तुष्टि रहेको बताइन्छ । खासगरी एमालेले प्रतिनिधिसभामा प्रतिनिधित्वको अनुपातमा संसदीय समितिको नेतृत्व गर्न पाउनुपर्ने माग राख्दै आएको छ । यस विषयमा सत्तारुढ दलले सहमति जनाइसकेका छैनन् । संसदीय समिति गठनको विवाद टुंग्याउँदासमेत प्रधानन्यायाधीशको नाम सिफारिस गरेर अर्थ नहुने भन्दै बुधबार परिषदको बैठकमा प्रमुख विपक्षी दलको नेता रहेका एमाले अध्यक्ष »» पृष्ठ २ मा

# निजी क्षेत्रको भ्रष्टाचार : अख्तियारको क्षेत्राधिकार !




निजी क्षेत्र बैंक, मेडिकल कलेज, अस्पताल लगायतका सार्वजनिक संस्थाहरुमा अख्तियार प्रवेश गर्न खोजेको छ । यसलाई स्वभाविकरुपमा स्वागतयोग्य मान्न सकिन्छ ।

■ ***दिलेन्द्रप्रसाद बडू**, सांसद, नेपाली कांग्रेस*



'कम्तीमा निजी क्षेत्र, सार्वजनिक सरोकारसँग जोडिएका शिक्षा, स्वास्थ्य, ठूला ठूला मेडिकल कलेजहरु, सपिङ मलहरु यस्ता पाटोहरुमा ख्याल गर्नुपर्छ । अलिकति क्षेत्र विस्तार गरेर त्यो पक्षमा हेर्नुपर्छ/अध्ययन गर्नुपर्छ ।

■ ***महेश बर्तौला**, सांसद, सचेतक, नेकपा एमाले*



विधेयक पारित भएपछि कम्तीमा अख्तियारबाट निजी क्षेत्रलाई पनि मुद्दा चलाउन सकिन्छ । यो राम्रो लागेको व्यवस्था हो ।

■ ***रन्जु कुमारी झा**, सांसद, जसपा*

*अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार बढाएर निजी क्षेत्रमा हुने भ्रष्टाचारको अनुसन्धान गर्न दिने गरी तयार विधेयक राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा आएको छ । सैद्धान्तिक छलफलमा प्रतिनिधि सभा सदस्यहरुले प्रस्तावित व्यवस्थाको समर्थन गरेका छन् ।*

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ६ वैशाख ।

राष्ट्रियसभाबाट पारित भएर आएको ' अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक' प्रतिनिधिसभामा अगाडि बढेको छ । बुधबार भएको विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै प्रतिनिधिसभा सदस्यहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ)ले निजी क्षेत्रको समेत भ्रष्टाचार हेर्ने प्रस्तावको समर्थन गरेका छन् ।

नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडू सार्वजनिक संस्थामा अख्तियार प्रवेश गर्न खोज्नुलाई स्वभाविक र स्वागतयोग्य प्रस्तावमा रुपमा अर्थ लगाउँछन् । 'तीन वटै सरकारको पूर्ण वा आशिंक स्वामित्व रहेका संस्था बाहेक निजी क्षेत्र »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारको नाममा पौने चार करोड ठग्ने दुई पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ वैशाख

आकर्षक तलब सुविधासहित वैदेशिक रोजगारीका लागि अमेरिका, पोर्चुगललगायतका देशमा पठाइदिन्छु भन्दै ठूलो रकम ठगी गरेको अभियोगमा दुई जना पक्राउ परेका छन् ।

भक्तपुर नगरपालिका वडा नं. १ लोकन्थली बस्ने ४४ वर्षीय उज्वल खड्का र सिन्धुपाल्चोक लिसंखुपाखर गाउँपालिका वडा नं. ६ पाखरटोल स्थाई घर भई हाल काठमाडौंको नयाँ बानेश्वर बस्ने २३ वर्षीय टिकाबहादुर भण्डारी पक्राउ परेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

भक्तपुरका खड्काले सुनिला गुरुङसमेत २० जनालाई वैदेशिक रोजगारीका लागि अमेरिका, जर्मनी, बेलायत तथा जापान पठाइदिने र मासिक चार लाखभन्दा बढी तलब हुने प्रलोभन देखाएर ठगी गरेको प्रहरीको दाबी छ । खड्का प्रतिव्यक्ति ३० लाख लाग्ने भन्दै २० जनाबाट ३ करोड ५६ लाख ८ हजार रुपैयाँ लिई सम्पर्कविहीन भएको प्रहरीले बताएको छ ।

वैदेशिक रोजगार विभागमा ठगीको उजुरी परेपछि विभागले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयलाई पक्राउ गरी उपस्थित गराउन पत्राचार गरेपछि प्रहरीले »» पृष्ठ २ मा

## जिट्को लाइसेन्स खुल्यो

**काठमाडौं / मस-** वैदेशिक रोजगार विभागले जापानमा कामदार पठाउन चाहने म्यानपावर कम्पनीलाई सूचीकरण हुन आह्वान गरेको छ । विभागले मंगलबार सूचना जारी गर्दै वैदेशिक रोजगार ऐनको दफा ११ अनुसार दर्ता भई वैदेशिक रोजगार नियमावलीको नियम १६ अनुसार योग्यता पुगी जापानमा वैदेशिक रोजगारमा कामदार पठाउन चाहने म्यानपावर व्यवसायीले वैशाख १२ गतेसम्म तोकिएका कागजात पेश गरी आवेदन दिनुपर्ने बताएको छ ।

विभागले नवीकरण हुन चाहेको निवेदनसहित सूचीकरण हुने सञ्चालक समितिको निर्णयसहितको माइन्युट, २०८० असार मसान्तसम्म नवीकरण भएको कम्पनीको प्रमाणपत्रको प्रतिलिपि पेश »» पृष्ठ २ मा

## यूएईमा एक नेपाली ड्राइभरले जिते पौने ७२ करोडको चिठ्ठा



**काठमाडौं / मस-** वैदेशिक रोजगारीका लागि संयुक्त अरब इमिरेट्स (यूएई) गएका एक नेपाली कामदारले ७१ करोड ७७ लाख रुपैयाँ बराबरको चिठ्ठा जितेका छन् । पदम नामका नेपाली कामदार यूएईमा ड्राइभर पेशामा रहेका छन् । उनको नेपाली ठेगाना भने »» पृष्ठ २ मा






मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
७ वैशाख २०८०, बिहीबार
20 April 2023, Thursday

# राष्ट्रपति पौडेलको दिल्लीमा उपचार शुरु

**काठमाडौं/मस**-राष्ट्रपति रामचन्द्र पौडेलको दिल्लीस्थित अल इण्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स (एम्स) अस्पतालमा उपचार शुरु भएको छ। राष्ट्रपति पौडेल स्वास्थ्यमा समस्या देखिएपछि मंगलबार त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा भर्ना भएका थिए।




नेपालको त्रिवि अस्पताल र भारतको एम्स अस्पतालका चिकित्सकबीच परामर्श हुँदा उनलाई थप अनुसन्धान एवं उपचारका लागि दिल्ली जान उपयुक्त हुने राय आएपछि राष्ट्रपति पौडेल बुधबार भारतको एम्स अस्पताल गएका राष्ट्रपतिको स्वकीय सचिवालयले जनाएको छ।

उपचारमा हाल एम्स अस्पतालका प्लमोनरी, क्रिटिकल केयर तथा स्लिप मेडिसिन विभागका प्रमुख प्रा.डा.अनन्त मोहन र आइसियु विज्ञ डा पुनित मिश्रको टोली संलग्न छन्।

# गृहप्रशासन सुधार कार्ययोजना ल्याउने तयारी

**काठमाडौं/मस**-गृहमन्त्रालयले शान्ति, सुरक्षा र सेवालाई अझ प्रभावकारी बनाउन नयाँ 'गृह प्रशासन सुधार कार्ययोजना' ल्याउने तयारी गरेको छ। विगतमा सार्वजनिक गरिएको कार्ययोजनालाई थप परिस्कृति गर्दै सरकारको न्यूनतम साझा कार्यक्रमसमेतलाई समेट्ने गरी कार्ययोजना ल्याउन लागिएको मन्त्रालयले जनाएको छ।

विगतमा ल्याइएर पूरा नभएका राम्रा योजनालाई समावेश गर्दै थप योजना अघि बढाइने गरी कार्ययोजना सार्वजनिक हुने जनाइएको छ। यसका लागि भने केही समय लाग्ने छ। सुशासन र सेवालाई मुख्य कार्यभार मानेर मन्त्रालयले नयाँ कार्ययोजना ल्याउन लागेको उपप्रधानमन्त्रीसमेत रहेका गृहमन्त्री नारायणकाजी श्रेष्ठले जानकारी दिएका छन्।




उनका अनुसार यसपटकको कार्ययोजनामा सुरक्षाको सुदृढिकरण, राष्ट्रिय एकता, जनयुद्ध र जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्दै संविधानको रक्षा, शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्दै सङ्क्रमणकालीन न्यायका कार्यभार पूरा गरी मुलुकलाई रुपान्तरणसहितको आर्थिक विकासमा अघि बढाउने लक्ष्यसहित कार्ययोजना ल्याइनेछ। अहिले कार्ययोजना निर्माणका लागि आवश्यक सुझाव संकलनको काम जारी रहेको र मातहतका निकायबाट सूचना लिने काम भइरहेको गृहसचिव विनोदप्रकाश सिंहले जानकारी दिए।

वि.सं. २०७८ मा जारी भएको कार्ययोजनालाई थप परिस्कृति र परिमार्जन गर्दै नयाँ विषयसमेत समेटेर कार्ययोजना ल्याइने उनले बताए। त्यसका लागि आवश्यक तयारी भइरहेको पनि उनले जानकारी दिए। पहिलो चरणमा उनले सोमबार पत्रकार हरुसँग आवश्यक सुझाव मागेका थिए। क्रमसँग अन्य निकायबाट पनि सुझाव लिएर कार्ययोजना बनाइने जनाइएको छ। नेपाल सरकारको (कार्य विभाजन) नियमावली २०७४ बमोजिम गृह मन्त्रालयको कार्य क्षेत्रमा आन्तरिक सुरक्षा, तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन हातहतियार खरखजाना प्रयोगसम्बन्धी नीति कार्यान्वयन, नियन्त्रण विदेशी नागरिकको नियमन तथा नियन्त्रण रहेको छ।

मुख्यत: शान्ति सुरक्षा, नागरिकतासम्बन्धी नीति कानून, कार्यान्वयन र नियमन, विपद् व्यवस्थापन, अध्यागमन राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागूऔषध नियन्त्रण, सीमा प्रशासन अपराध अनुसन्धान, सङ्गठित अपराध नियन्त्रण, मानवअधिकार संरक्षण तथा अन्य मन्त्रालयको कार्यविभाजनमा नपरेका विषयगत कार्यहरु पनि गृहमन्त्रालयको कार्यभित्र पर्छ।

# मातातीर्थ औंसी मनाइँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ वैशाख

आज मातातीर्थ औंसी अर्थात् आमाको मुख हेर्ने दिन। जन्मदिने आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर व्यक्त गर्दै मनाइँदैछ। आमाप्रति श्रद्धाभाव प्रकट गर्ने यस पर्व प्रत्येक वर्षको वैशाख कृष्ण औंसीका दिन मनाइने गरिन्छ। मातातीर्थ औंसीका दिन जीवित आमालाई खान-लाउन दिएर सम्मान गरिन्छ भने दिवङ्गत आमाको सम्झनामा तर्पण, पिण्ड दान र श्राद्ध गरी सम्झना गरिन्छ।

आजका दिन मातृश्राद्ध गरे अक्षय पुण्य प्राप्त भई आमाले तृप्ति पाउने शास्त्रमा उल्लेख गरिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ।

जीवित अथवा दिवङ्गत दुवै आमाको तृप्तिका लागि आजको दिनलाई पुण्यतम पर्व मानिन्छ। आज काठमाडौंको पश्चिमी भेगमा रहेको मातातीर्थमा आमाको सम्झनामा श्राद्ध गर्ने भक्तजनको भिड लागेको छ। बौद्ध धर्मावलम्बी समेत यहाँ दिवङ्गत आमाको सम्झनामा श्राद्ध गर्न आउँछन्।

मुलुकका विभिन्न भागबाट आएका दर्शनार्थीले मातातीर्थका धारामा स्नान गरी माताको मन्दिरमा पूजा गरेर कुण्डमा दिवङ्गत आमाको मुख हेर्ने गर्दछन्। दिवङ्गत आमाको सम्झनामा तर्पण, सिदा दान र पिण्ड दान गरी श्राद्ध गर्ने दर्शनार्थीको समेत भीड लाग्ने गर्दछ।

यसैबीच चन्द्रागिरि नगरपालिकाले मातातीर्थ मेलाको अवसरमा आज सार्वजनिक बिदा दिएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवनप्रसाद आचार्यले चन्द्रागिरि नगरपालिकाको नगर कार्यपालिकाको बैठकको निर्णयअनुसार मातातीर्थ औंसीको अवसर पारेर सार्वजनिक बिदा दिने निर्णय गरेको जानकारी दिए। नगरपालिकाले सार्वजनिक बिदा दिएसँगै आज चन्द्रागिरिभित्रका सबै वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरू बन्द हुनेछन्। मातातीर्थ औंसी (आमाको मुख हेर्ने औंसी)का दिन चन्द्रागिरि-६ महादेवस्थानमा रहेको मातातीर्थ कुण्डमा मेला लाग्ने गर्दछ।

---

भनेर देखाइएको सिक्टा सिंचाइ आयोजनाको उदाहरण दिँदै उनले यस्तो समस्या समाधानका लागि समेत प्रस्तावित विधेयक फलदायी हुने विश्वास व्यक्त गरिन्।

## वैदेशिक...

उनलाई रौतहटको चन्द्रनिगाहपुरबाट पक्राउ गरेको हो। खड्कालाई थप अनुसन्धान तथा कारबाहीका लागि विभाग पठाइएको प्रहरीले जानकारी दिएको छ।

यस्तै सिन्धुपाल्चोक लिसंखुपाखरका भण्डारीले मिलन तामाङसमेत १० जनालाई वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिन्छु भन्दै १५ लाख रुपैयाँ लिएर ठगी गरेको प्रहरीले दाबी गरेको छ। भण्डारीविरुद्ध पनि वैदेशिक रोजगार विभागमा उजुरी परेपछि विभागले पक्राउ गरी उपस्थित गराउन पत्राचार गरेपछि प्रहरीले उनलाई काठमाडौंको ताहाचलबाट पक्राउ गरेको हो।

भण्डारीलाई पनि थप अनुसन्धान तथा कारबाहीका लागि विभाग पठाइएको प्रहरीले जानकारी दिएको छ।

## जिट्को...

गर्नुपर्ने बताएको छ। त्यसैगरी गत आर्थिक वर्ष ०७८/०८९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी अध्यावधिक, अध्यावधिक भएको शेयर लगतको प्रतिलिपि, प्यान नम्बर, बैंक ग्यारेन्टीको प्रतिलिपि, नगद धरौटी रसिदको प्रतिलिपि, वैदेशिक रोजगार बोर्डको बैंक खातामा २० हजार रुपैयाँजम्मा गरेको बैंक भौचरलगायत पेश गर्नुपर्ने बताएको छ।

यसअघि म्यानपावर कम्पनीले प्रशिक्षार्थी कामदार जापान पठाउनका लागि विभागले सूचना आह्वान गरेपछि करिब साढे दुई सय म्यानपावर कम्पनी सूचीकृत भएका थिए। विभागमा सूचीकरण हुने तर जापानमा कामदार पठाउन नपाउने भएपछि धेरै म्यानपावर कम्पनीहरुले जिट्को तर्फको लाइसेन्स नवीकरण गराउन छोड्दै आएका छन्।

## यूएईमा...

खुलाइएको छैन। महजुजको १२४औं संस्करणको पहिलो पुरस्कार भएपनि पदमले जितेको सन् २०२३ को पहिलो पुरस्कार हो। विगत २३ वर्षदेखि यूएईमा रोजगारी गर्दै आएका पदमले मासिक ५ हजार ७ सय दिराम (२ लाख ५ हजार रुपैयाँ) कमाउँदै आएका छन्। उनले आपत विपदमा परेका नेपालीलाई सहयोग गर्दै आएका थिए। पटकपटक चिट्ठा खरिद गर्दै आएका उनले एक पटक ३० र एक पटक ३ सय ५० दिराम जितेका थिए। ४ डिजिटको चिट्ठामा उनले एउटा नम्बर छोरी र श्रीमतीलाई रोज्न लगाएका थिए भने बाँकी तीनवटा नम्बर आफैं छनोट गरेका थिए।

उनले उक्त रकमले आफ्नो परिवारलाई यूएईमा सेटलमेन्ट गर्ने बताएको खालिज टाइम्सले उल्लेख गरेको छ। सोही संस्करणको एक मिलियन दिरामको पुरस्कार निजी अस्पतालमा रेडियोग्राफरको रोजगारीमा रहेका फिलिपिनी कामदारले जितेका छन्।

---

## सीमा...

चर्चा पाउँदै आएको छ। 'कञ्चनपुरको बेलौरी नगरपालिका क्षेत्रमा विद्युत् लाइन विस्तार गर्ने क्रममा नेपाल विद्युत् प्राधिकरणका कर्मचारीलाई भारतीय सुरक्षाकर्मीले धाकधम्की गरेका छन्। कहिले हुलाकी सडक बनाउँदा अवरोध गरिएको छ, कहिले विद्युत् विस्तारमा अवरोध गरिएको छ। सीमा क्षेत्रमा नेपाली नागरिकहरूले असुरक्षित महसुस गरिरहेका छन्। जनतालाई सुरक्षाको अनुभूति हुने गरी सीमा विवादको समाधान खोजियोस्' नेकपा एमालेका सांसद तारा लामाले भनेकी छन्।

उनले सीमा विवाद समाधानमा सरकारले ध्यान नदिदा वर्षौदेखि सास्ती खेप्नुपरेको बताएका हुन्। सन् २०१९ को नोभेम्बरमा मोदी सरकारले जम्मु-कश्मीरसम्बन्धी भारतीय संविधानको धारा ३७० खारेज गरी जारी गरेको नयाँ नक्सामा कालापानी उत्तराखण्डको अंश भएको देखाइएपछि विवाद चुलिएको थियो। तत्पश्चात् पनि पटकपटक भारतीय पक्षले बल प्रयोग गर्दामा सीमामा समस्या हुँदै आएको छ।

'सीमाका विषयमा नेपाल सरकार गम्भीर ढंगले अघि बढेको छैन, सीमाविवाद समाधानमा कूटनीतिक कौशल, परिपक्वता र चातुर्यपूर्ण ढंगबाट अघि बढ्नु अत्यावश्यक छ, अन्यथा भारतको दबदबा झनै बढ्नसक्छ' सीमाका विषयमा जानकार रहेका अभियन्ता साध्यबहादुर भण्डारीले भने। उनले सीमाका विषयमा नेपालको मौनता र भारतको थिचोमिचोको प्रतिकार गनुपर्ने बताएका छन्।

केही समयअघि कञ्चनपुरको नेपाली भूमिमा बनेको सडक विस्तारमा भारतीय सशस्त्र सीमा सुरक्षा बल (एसएसबी)ले अवरोध गरेको थियो। त्यस्तै, सन् २०२० मा भारतीय रक्षामन्त्री राजनाथ सिँहले कैलाश मानसरोवर जाने नयाँ बाटो निर्माण गरेपछि नेपालमा सो विषयलाई लिए विरोध चर्किएको थियो।

नेपालको भूमिमा भारतले दादागिरी देखाएको भन्दै दूतावास अगाडि प्रदर्शन र परराष्ट्रमन्त्रीस्तरीय बैठक गर्ने तयारी पनि गरेको थियो। तर पनि, भारतले सो विषयलाई सोझै अस्वीकार गरेर हालसम्म पनि बैठक राख्ने तयारी गरेको छैन। यतिसम्म कि नेपाल र भारतबीचको विवादित विषयको अध्ययन गरी सुझाव सहित तयार पारेको इपीजी प्रतिवेदन समेत भारतले बुझ्न मानेको छैन।

साना र ठूला भूभाग गरि नेपाल र भारतबीच ७० भन्दा बढी स्थानमा विवाद रहेको छ। तर पनि, भारतीय पक्ष सीमा विवाद समाधान गर्ने प्रयासमै जुटेको छैन। यता, नेपाली पक्ष पनि भारतसँग वार्तामार्फत जमिन फिर्ता ल्याउनुको सट्टा आश्वासन दिनमै व्यस्त छ।

सरकारको प्रवक्ता समेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा सरकारले लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायतका क्षेत्रमा छिमेकी मुलुकहरूसँग समाधान हुन बाँकी सीमासम्बन्धी समस्या कूटनीतिक माध्यमबाट समाधान गरिने बताउँछिन्। सरकारले सार्वजनिक गरेको 'संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम' मा पनि सीमाको प्रभावकारी व्यवस्थापन र नियमनका लागि सीमा सुरक्षा चौकी (बिओपी) वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

'न्यूनतम कार्यक्रममा पनि ल्याएका छौं। 'सीमा विवाद समाधानको विषयलाई उच्च प्राथमिकतामा राखेका छौं।' उनी मध्यान्हसँग भन्छिन्, 'देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र जनताको जीउधनको रक्षाको पूर्ण प्रत्याभूति हुने गरी राष्ट्रिय सुरक्षा नीतिलाई समेत आवश्यक परिमार्जन गर्ने सोचका साथ सरकार अगाडि बढिरहेको छ।'

## लम्बियो...

ओलीले संसदीय समितिको विषयलाई पनि साथसाथै किनारा लगाउनुपर्ने अडान राखे।

बैठकमा ओली अडानकै रुपमा प्रस्तुत भएपछि प्रधानन्यायाधीश नियुक्तिको विषय एजेण्डाको रुपमा प्रस्तुत भए पनि कुनै निर्णय हुन नसकेको एक सदस्यले बताए। परिणाममा प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया लम्बिन पुगेको हो।

## निजी...

बैंक, मेडिकल कलेज, अस्पताल लगायतका सार्वजनिक संस्थाहरुमा समेत (अख्तियार दुरुपयोग अनुसन्धान आयोग) प्रवेश गर्न खोजेको छ। यसलाई स्वभाविक रुपमा स्वागतयोग्य मान्न सकिन्छ' सांसद बडूले भनेका छन्।

राष्ट्रियसभाबाट पारित भएर आएको विधेयकले बैंक, मेडिकल कलेज र अस्पताल लगायत निजी क्षेत्रमाथि अदुअआले अनुसन्धान गर्न पाउने व्यवस्था छ।

तर, अख्तियारको क्षेत्राधिकार विस्तार गर्दै गर्दा अहिले प्राप्त क्षेत्राधिकारभित्रको विषय उपेक्षामा पर्न सक्नेतर्फ ख्याल गर्नुपर्ने उनको राय छ। 'अख्तियार नयाँ क्षेत्रमा प्रवेश गर्दा पुरानै अवस्थामा हेर्दै आएका क्षेत्र उपेक्षामा पर्ने त होइन ? यसतर्फ पनि विमर्श आवश्यक छ' उनले भने।

प्रचलित ऐनअनुसार नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेको सार्वजनिक संस्था र उक्त संस्थाको जिम्मेवारीमा रहेका व्यक्तिउपर मात्रै अनुसन्धान गर्न पाउने अदुअआको क्षेत्राधिकार हो।

क्षेत्राधिकार विस्तार गर्दै राष्ट्रियसभाले 'नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्तर, वा प्रकारका बैंक, वित्तीय संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज र सो सम्बद्ध अस्पताल, अन्य महाविद्यालय वा कलेज, सार्वजनिक सेवा प्रवाह गर्ने पब्लिक कम्पनी सार्वजनिक संस्थामा हुने भ्रष्टाचार पनि अख्तियारले हेर्न पाउने गरी व्यवस्था पारित गरेर पठाएको छ।

नेकपा एमालेका महेश बर्तौला, जनता समाजवादी पार्टी (जसपा)की रन्जुकुमारी झा लगायतले पनि अख्तियारले निजी क्षेत्रको समेत भ्रष्टाचार हेर्ने प्रस्तावित व्यवस्थामा समर्थन जनाएका छन्।

नेकपा एमालेका सचेतक महेश बर्तौलाले अख्तियारले निजी क्षेत्रको भ्रष्टाचार हेर्ने प्रस्तावित व्यवस्थामा समर्थन जनाए। 'कम्तिमा नीजि क्षेत्र, सार्वजनिक सरोकारसँग जोडिएका शिक्षा, स्वास्थ्य, ठूला ठूला मेडिकल कलेजहरु, सपिङ मलहरु यस्ता पाटोहरुमा ख्याल गर्नुपर्छ। अलिकति क्षेत्र विस्तार गरेर त्यो पक्षमा पनि हेर्नुपर्छ/अध्ययन गर्नुपर्छ' सचेतक बर्तौलाले भने। विधेयकलाई पारित गर्दै गर्दा क्षेत्र विस्तारको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले के के मा काम गर्ने हो ? भनी प्रष्ट पारिनुपर्नेमा पनि उनको जोड छ।

जनता समाजवादी पार्टी (जसपा)की सांसद रन्जुकुमारी झाले निजी क्षेत्रको भ्रष्टाचार अख्तियारले हेर्ने प्रस्ताव आवश्यक रहेको बताइन्। उनले भनेकी छन्, 'अहिलेको विषयकको एउटा राम्रो कुरा अब कम्तिमा अख्तियारबाट निजी क्षेत्रलाई पनि मुद्दा चलाउन सकिन्छ।'

पुल भासिएपछि माटो कमजोर

## आँवुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिको कार्यालय
**आँवुखैरेनी, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

### दरभाउपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**प्रकाशित मिति :- २०८०/०१/०७**

यस गाउँपालिकाबाट तपसिल बमोजिम कार्यको लागि दरभाउपत्र आव्हान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमको दरभाउपत्र दाताले न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिन आएकोले मुल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद नियमावली ऐन २०६४ को दफा ८४ बमोजिम प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | कामको विवरण | सूचना प्रकाशन मिति | फर्मको नाम, ठेगाना | कवोल अंक मु.अ.कर सहित |
|---|---|---|---|---|---|
| १ | AKRM/MPW/GOODS/23/2079/080 | औषधी, प्रयोगशाला, एक्सरे तथा सर्जीकल सामग्रीहरुको खरीद | २०७९/१२/१४ | केवालेश्वर मेडिसेल्स कागेश्वरी मनहरा, काठमाडौं | २८,२६,५९६।०५ |

**प्रमुख प्रशासकीय अधिकृत**

## शिव सताक्षी नगरपालिका
## नगरपालिकाको कार्यालय
**व्याङ्गडाडा, झापा**
**कोशी प्रदेश, नेपाल**

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८०/०१/०७ गते**

यस कार्यालयबाट ठेक्का नं. **14/SM/NCB/Cons/2079/080 Construction of Milk Purifying Center and Vegetable Collection Center of Shivasatakshi-05 and 11** सम्वन्धमा सौर्य राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा पेश भएको वोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय वमोजिमको वोलपत्रदाताको वोलपत्र सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्कानं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोलअंक रु भ्याट समेत |
|---|---|---|---|
| 14/SM/NCB/Cons/2079-80 | Construction of Milk Purifying Center and Vegetable collection centre of Shivasatakshi Mun-05 and 11 | Kanchan HimalNirmanSewa, Shivasatakshi Mun-10 | 50,84,303.20 |

# दैनिक एक सय बढी कोरोना संक्रमित थपिँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ वैशाख

नेपालमा पछिल्लो केहि दिनयता दैनिक एक सय बढी कोरोना संक्रमित थपिँदै आएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार थप १०८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । मन्त्रालयका अनुसार २ हजार ४५० नमूनामध्ये ७७८ जनाको पीसीआर परीक्षण गर्दा ५५ जना र १ हजार ६७२ जनाको एन्टीजेन परीक्षण गर्दा ५३ जना गरी १०८ जनामा कोरोना सक्रमण देखिएको हो । यस्तै कोरोनाको संक्रिय संक्रमितको संख्या ३८६ जना पुगेको छ भने संस्थागत आइसोलेशनमा २१ जना, आईसीयूमा ७ र भेन्टिलेटरमा ३ जना उपचाररत छन् ।

यसअघि मंगलबार एकै दिन २ जनाको मृत्यु भएको थियो भने १ सय ७१ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । यस्तै सोमबार नेपालमा १ सय ४ जना नयाँ संक्रमत थपिएका थिए । आइतबार ९९ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो।




### सात दिनसम्म आइसोलेशनमा बस्न आग्रह

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस सङ्क्रमण देखिएमा सात दिनसम्म अनिवार्य आइसोलेशनमा बस्न आग्रह गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले कोरोना भाइरस सङ्क्रमणको कारणले ज्वरो र सास फेर्न कठिनाइ भएको अवस्थामा सात दिनसम्म अनिवार्य आइसोलेशनमा बस्न आग्रह गरेकी छिन् ।

उनका अनुसार कुनै पनि लक्षण नरहेको, पाँच दिनसम्म आइसोलेशनमा बसेको वा पाँच दिनभन्दा बढी बसेको, २४ घण्टाभित्र ज्वरोको औषधि नखाइ नै ज्वरो कम भएको भए भने आइसोलेशनमा बस्नुपर्दैन । सात दिनसम्म आइसोलेशनमा बसेर आठौं दिनमा बाहिर निस्केपनि अरु मानिसको सम्पर्कमा नजानसमेत आग्रह गरिएको छ ।

मन्त्रालयले आइसोलेशनमा रहेकाले मिलेसम्म छुट्टै शौचालय भएको प्रशस्त हावा आउने छुट्टै कोठामा बस्ने तथा नाक, मुख र चिउडो छोपिने गरी मास्क लगाउने र प्रयोग गरिएको मास्कको उचित व्यवस्थापन गर्ने तथा बेला बेलामा साबुन पानीले हात धुन आग्रह गरेको छ । अहिले दैनिक कोरोना भाइरसको सङ्क्रमण बढिरहेको छ ।

# बझाङमा पहिलो पटक ड्रागन खेती



**तरुणा जोशी/मध्यान्ह**
बझाङ, ६ वैशाख

बझाङमा पहिलो पटक ड्रागन फलको खेती शुरु गरिएको छ । छबिसपाथीभेरा गाउँपालिका १ को भाडे र केदारस्यु गाउँपालिका ९ को झोतामा पहिलो पटक सिउँडी प्रजातिको ड्रागन फलको परीक्षण गरिएको हो । जिल्लाको भाणे र झोताको करिब २ रोपनीमा परीक्षणको लागि रातो प्रजातिको ड्रागन फल रोपिएको कृषि ज्ञान केन्द्र बझाङका प्रमुख टेक बहादुर बिष्टले बताए । कृषक सुरेन्द्र कठायतले भाणेमा र अवस्थी एग्रिकल्चर फार्मले झोतामा कृषि ज्ञान केन्द्रको लगानीमा ड्रागन खेती शुरु गरिएको बताए ।

कृषि ज्ञान केन्द्र बझाङको वार्षिक कार्यक्रम अनुसार १० लाख रुपैयाँको लागतमा यो परीक्षण गरिएको जनाइएको छ । कन्चनपुर जिल्लाको नर्सरीबाट करिब ३ सय ७८ पिलर र ४ सय बिरुवा बझाङ ल्याइएको छ । कृषि ज्ञान केन्द्रको सल्लाह र सहयोगमा आफ्नै क्षेत्रमा केही गर्नुपर्छ भन्ने भावना लिएर आफूहरुले आफ्नै ठाउँमा व्यवसाय गर्न लागेको कृषक कठायतले बताए । ड्रागन खेतीले दुई वर्षपछि उत्पादन दिने गर्दछ । हावापानी, मौसम सुहाउँदो देखिएकाले ड्रागनको खेती शुरु गरिएको कृषक कठायतले बताए ।

समुद्र सतहदेखि ८०० मिटर उचाई रहेको क्षेत्रमा यो फल लगाउन सकिने प्राविधिक सुझाव रहेकाले उक्त ठाउँमा परीक्षणको लागि ड्रागन खेती शुरु गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख बिष्टले बताए । ड्रागन फल दक्षिण अमेरिकाको मेक्सिकोमा फल्ने सिउँडी प्रजातिको रैथाने फल हो । केही वर्षयता नेपालमा पनि ड्रागन फलको खेतीतर्फ कृषकहरुको आकर्षण बढेको छ । सिउँडी प्रजाति भएकाले यसको खेतीका लागि त्यति धेरै पानी, मलखाद र हेरचाह आवश्यक नपर्ने बिष्टले बताए । ड्रागन फल औषधीयुक्त गुण हुने भएकोले स्वास्थ्यका लागि निकै लाभदायिक मानिन्छ ।

# कौडेनावासीलाई ग्यास चुल्हो र सिलिण्डर




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ वैशाख

सर्लाहीको कौडेना गाउँपालिकाका स्थानीयहरुलाई निःशुल्क एल.पी.ग्यास सिलिण्डर र चुल्हो सेट वितरण गरिएको छ।

नेपाल-भारत महिलामैत्री समाज काठमाडौंले भारत सरकारको सहयोगमा बुधबार आयोजित एक कार्यक्रमकाबीच गाउँपालिकाका अति विपन्न, गरिब र दलित गरी पाँच सय घर-घुरीलाई निःशुल्क एल.पी. ग्यास सिलिण्डर र चुल्हो सेट वितरण गरेको हो ।

दाउरा, कोइला, गुइँठा जस्ता परम्परागत इन्धनमा निर्भर ग्रामीण क्षेत्रका घरपरिवारलाई इन्धनको पहुँच विस्तार गर्ने उद्देश्यले यो कार्यक्रम ल्याइएको कार्यक्रमका प्रमुख अतिथि एवं नेपाल-भारत महिलामैत्री समाज काठमाडौंकी अध्यक्ष चन्दा चौधरीले बताइन् ।

नेपाली कांग्रेसको तर्फबाट समानुपातिक सांसद समेत रहेकी अध्यक्ष चौधरीले ग्यास सिलिण्डर वितरणबाट दलित तथा विपन्न परिवार लाभान्वित हुने विश्वास व्यक्त गरिन् । उनले माटोको चुल्हो र दाउराले खाना पकाउने खासगरी महिलाहरुको स्वास्थमा हुने खराबी रोक्न ग्यास चुल्होबाट सहयोग हुने, समयको बचत हुने, महिलाको आत्मसम्मान बढ्ने र विभिन्न स्वास्थ्य समस्याबाट बचाउन सहयोग पुग्ने बताइन् । अध्यक्ष चौधरीले आउने समय महिला सशक्तिकरणका लागि सिलाई कटाईदेखि विभिन्न कार्यक्रम ल्याउने पहल भइरहेको बताइन् ।

कार्यक्रमको विशिष्ट अतिथि भारतीय दूतावास विरगञ्जका प्रमुख नितेश कुमारले कौडेना गाउँपालिकाको स्थानीयलाई ग्यास चुल्हो वितरण गर्न पाउँदा निकै हर्षित भएको बताए ।

उनले सर्लाहीको विकासको लागि भारत सरकारले विगतमा सहयोग गरेको र आउने दिनमा पनि सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए। यो योजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको ‘आजादीका अमृत महोत्सव’ अन्तर्गत नेपालमा उद्घाटन गरिने ७५ वटा परियोजना मध्येको एक रहेको अध्यक्ष चौधरीले स्पष्ट पारिन् ।

जनताको जीवनस्तरलाई उकास्न नेपाल सरकारले गरेका प्रयासहरुमा भारत सरकारले सहयोग स्वरुप यो कार्यक्रम अघि बढाएको तथा भारत सरकारले ल्याएको प्रधानमन्त्री उज्वल योजनाबाट यो योजना प्रेरित रहेको चौधरीको भनाइ छ ।भारत-नेपाल विकास सहकार्य कार्यक्रमअन्तर्गत भारतीय राजदूतावास र नेपाल-भारत महिलामैत्री समाजबीच २०७८ फागुनमा सम्झदारी पत्रमा हस्ताक्षर भएको थियो ।

कार्यक्रमको सम्बोधन गर्दै अर्का विशिष्ट अतिथि एवं नेपाली कांग्रेस सर्लाही जिल्ला सभापति सुरेन्द्र सिंहले मैत्री समाज र भारत सरकारमार्फत कौडेनाको प्रत्येक वडा र सर्लाहीको सम्पूर्ण गाउँपालिकामा यस्ता कार्यक्रम ल्याउन आग्रह गरे ।

कौडेना गाउँपालिकाको अध्यक्ष रुपेश यादवले यहाँका स्थानीय वर्षौंदेखि दाउरा र रुखको पात उपयोग गर्दै खाना र खाजा बनाउन बाध्य भएको र यसबाट धुँवा धुलोले गर्दा विभिन्न रोगबाट ग्रसित भएको बताए । सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले महिलाहरुको स्वास्थ्य रक्षाको लागि, समय बचतका साथै आ-आफ्नो जीवन रुपान्तरण गर्न ग्यास चुल्हो वितरण कार्यले महत्वपूर्ण भूमिका खेल्ने बताउँदै आयोजक संस्था नेपाल- भारत महिला मैत्री समाज काठमाडौंलाई आभार व्यक्त गरे ।

चन्दाको प्रयासले धुँवा धुलोरहित इन्धनमा खाना पकाउने सौभाग्य पाएपछि आफुहरु निकै हर्सित भएको स्थानीय सुधा देवीले बताइन् । संस्थाका उपाध्यक्ष राधा कुमारी कायस्थको अध्यक्षता तथा कौडेना गाउँपालिकाको सहजीकरणमा सम्पन्न कार्यक्रममा गाउँपालिका उपाध्यक्ष नगिना देवी, नेपाल प्रहरी सर्लाहीका एसपी नरेशराज सुवेदी, सशस्त्र प्रहरी तुल बहादुर भण्डारीसहित स्थानीयहरुको बाक्लो उपस्थिति रहेको थियो ।

# मधेशमा पत्रकारहरुको सुरक्षा अवस्था ठिक छः अध्यक्ष दास




**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ६ वैशाख

मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष कैलास दासले पत्रकार महिलासहित सबै पत्रकारहरुको सुरक्षा अवस्था यस प्रदेशमा ठिक रहेको बताएका छन् । मिडिया काउन्सिल मधेश प्रदेशको आयोजनामा चन्द्रनिगापुरमा भएको पत्रकार महिलाको लागि अभिमुखीकरण कार्यक्रममा अध्यक्ष दासले सो कुरा बताएका हुन् ।

नेपाल पत्रकार महासंघका सचिव दीपेन्द्र चौहानले मधेसमा पत्रकार महिलाको लागि प्रशस्त अवसर रहेको बताए । उनले भने, ‘क्षमताको आधारमा सबै कुरा पाउनुपर्छ । कुनै पत्रकार जोखिममा छैनन् । पत्रकार महिला मर्म र धर्म अनुसार ढुक्क भएर काम गर्न आवश्यक छ ।’ केन्द्रीय सदस्यहरु गायत्री मिश्र शिवपुरि र केसी लामिछाने, प्रदेश अध्यक्ष राजेश कुमार कर्ण, महासचिव श्याम बन्जरा, प्रदेश सदस्य लक्ष्मी खरेल, पर्सा जिल्ला अध्यक्ष अनुप तिवारी, मिडिया काउन्सिल सदस्य वन्दना झा, पत्रकार महिला विना श्रीवास्तव, रानी साह, निलिसा बर्मा, निलिमा पौडेल, कविता खड्कासहितका वक्ताले पत्रकार महिलाले दिनहुँ भोग्नु परेको समस्याको बारेमा बोलेका थिए । अन्तरक्रियामा पर्सा, बारा, रौतहट र सर्लाहीका पत्रकार महिलाको सहभागीता रहेको थियो ।

# लमजुङका स्थानीय तहसँग छैन दमकल

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ६ वैशाख

लमजुङका अधिकांश स्थानीय तहसँग आगलागी नियन्त्रण गर्न दमकल रहेका छैनन् । जिल्लामा चार नगरपालिका र चार गाउँपालिका छन् । आगलागी भइहाले पनि बेसिशहर नगरपालिकाकै दमकल पुग्नुपर्ने बाध्यता छ । टाढाटाढा आगलागी हुँदा जान समय लाग्ने गरेकाले पनि समस्या हुने गरेको छ । बेसिशहर नगरप्रमुख गुमानसिंह अर्यालले भने, ‘ठूलो आगलागी भएको बेला अन्य स्थानीय तहले हाम्रै नगरकै दमकल प्रयोग गर्ने गरेको छ । प्रायः स्थानीय तहको अधिकांश बस्ती तथा भागमा सडक पुगे पनि भौगोलिक संरचनाका कारण जिल्लाका सबै ठाउँमा आगलागी हुँदा दमकल पुग्न सम्भव छैन ।’ क्व्होलासोथर गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङले पालिकाभित्र दमकल आवश्यक रहे पनि बजेट अभावले खरिद गर्न नसकेको बताए ।





## बहराइनमा रोजगार | कम्पनी : REEM EVENTS MANAGEMENT WLL

शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०८०/०१/०६ चलानी नं.: ६०२००३९३ LT. No.: 284966

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BHD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Labour (Indoor) | 20 | 0 | स. काममा दक्ष | 100 | ३४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा बैसाख १४ गते (27 April. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AL HAYA H.R. SOLUTION PVT. LTD.
Gov. Lic No. 1092/073/074

**Al Haya H.R. Solution Pvt. Ltd.**

P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 01-4620879
Mob.: 9813590560,. Email: alhaya.md@gmail.com, Web.: www.alhayahr.com



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०४४/०९/२३ मा दर्ता भएको **प्रा.लि. नं. ४५** को **हिमाल फुटवयर इण्डष्ट्रिज प्रा.लि.**को मिति २०८०/०१/०६ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्री कुमार गुरुङ,** **इजाजतपत्र नं. ५२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **फोन नं. ९८५१००२६२४**



## अनुसूची-१५
**(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०१/०७**

श्री धरमपानी सामुदायिक वन उपभोक्ता समुह, भेरीगंगा ३ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ५०८ को २२७१.३७ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ ।

**श्री धरमपानी सामुदायिक वन उपभोक्ता समुह,**
**भेरीगंगा ३, सुर्खेत ।**



**दावी विरोध सम्बन्धी**
## वैदेशिक रोजगार बिभाग काठमाडौंको सूचना ।

नेपाल सरकारबाट बैदेशिक रोजगारमुलकसीप विकास तालिम संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री जुछे मल्टिपर्पोज ट्रेडिङ्ग सेन्टर प्रा.लि. (अ.प.नं. ३०)** ले यस विभाग समक्ष इजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सवुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्थादर्ता शाखा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०७९/११/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७३/०२/०९ मा दर्ता भएको **प्रा.लि. नं. १४९६४८** को **प्रशंसा होस्टेल प्रा.लि.**नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## मायूम गेम्बो रेष्टुरेन्ट एण्ड गेष्ट हाउस प्रा.लि.
## कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरका सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७३/०६/०२/०१ मा दर्ता भएको **प्रा.लि. नं. १५५९८९/०७३/०७४** को **मायूम गेम्बो रेष्टुरेन्ट एण्ड गेष्ट हाउस प्रा.लि.** को संचालकको मिति २०८०/०१/०६ मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ।

**सरोज दाहाल, दामासाही व्यवसायी (इजाजत नं. ३५३), प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे, मोबाइल नं. : ९८५१२११००२**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०१/०७**

**किनोको ट्रेक्स एण्ड एक्सपिडिसन प्रा.लि.**को मिति २०७९/१२/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ब्याक टु नेचर एडभेन्चर प्रा.लि. (प्रा.लि.नं.: ११४६६४)** कायम गर्ने गरी मिति २०८०/०१/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।




## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०१/०७**

**भुमेनु सप्लायर्स प्रा.लि.**को मिति २०७९/१२/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भुमेनु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं.: २२७५७३)** कायम गर्ने गरी मिति २०७९/१२/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।





मध्यान्ह
www.madhyanhadaily.com
७ वैशाख २०८०, बिहीबार
20 April 2023, Thursday

## सम्पादकीय

# युवा जनशक्ति स्वदेशमै राख

नेपालले गर्व गर्न लायक एउटा प्रमुख विषय हो– युवाको संख्या सबैभन्दा बढी हुनु । तर यो संख्याको ठूलो हिस्सा विदेशमा छ । नेपाली युवाशक्ति विदेशमा रहनुपर्ने तथ्यले भने पीडाबोध गराउँछ । वैदेशिक रोजगार विभागका अनुसार युवा जनशक्ति स्वदेशमै राख्ने सरकारी प्रयास सफल हुन सकेको छैन् । परिणाममा चालू आर्थिक वर्षमा वैदेशिक रोजगारीका लागि विदेश जानेको संख्या छ लाख नाघेको छ ।

आर्थिक वर्ष सकिन तीन महिना बाँकी छँदै चैतसम्म नयाँ श्रम स्वीकृति लिएर एवम् पुरानो स्वीकृति नवीकरण गरेर वैदेशिक रोजगारीमा जानेको संख्या छ लाख पाँच हजार सात सय ९८ पुगेको वैदेशिक रोजगार विभागको तथ्यांक छ । नोवेल कोरोना भाइरस (कोरोना भाइरस)को महामारी सुरू भएपछि सुस्ताएको वैदेशिक रोजगारीमा जानेको संख्या यो वर्ष पुनः नयाँ कीर्तिमान राख्ने बाटोमा अग्रसर देखिएको छ । विदेशबाट श्रमिकको माग बढ्दा यो वर्षका केही महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या ७० हजारभन्दा माथि थियो । तर, पछिल्ला महिनामा यस्तो संख्या विस्तारै कम हुँदै गएको छ ।

चैत महिनामा मात्रै ६१ हजार चार सय ७८ जना नेपाली युवा श्रमका लागि स्वीकृति लिएर विदेश गएका छन् । गत साउनदेखि फागुनसम्म पाँच लाख ४४ हजार तीन सय २० नेपाली विदेशमा श्रमका लागि पुगिसकेका थिए । नेपाली युवा शक्ति स्वदेशभन्दा विदेश रोजिरहेका छन् । नेपालमै रहन चाहनेहरू पनि निराश रहेको विभिन्न अध्ययनले देखाउँछ । अन्तर्राष्ट्रिय फोरममा नेपालमा युवा जनशक्ति छ भनेर गर्व गर्ने तर, युवाहरूलाई विदेश पठाएर रेमिट्यान्सबाट मुलुक चलाउने प्रवृत्ति मौलाउँदो छ । यसलाई रोक्ने स्पष्ट खाका राज्य संचालकले तयार गर्नुपर्ने हुन्छ ।

संघीय सरकार बजेट निर्माणको अवधिमा पनि छ । गरिब र सर्वहारा वर्गको लागि भन्दै १० वर्ष सशस्त्र युद्धको नेतृत्व गर्दै राजनीतिमा उदाएका पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री छन् । विगतमा दुई पटक प्रधानमन्त्री हुँदा काम गर्ने अवसर नपाएको बताउने उनी यसपटक देखिने गरी काम गर्ने बताइरहेका छन् । त्यसका लागि उनलाई बोले अनुसार नीति तथा कार्यक्रम ल्याउन र त्यस अनुसार बजेट विनियोजन गर्ने छुट पनि छ ।

जहाँ सरकारले नेपालमै साना तथा मझौला उद्योग खोल्नका लागि सहुलियत प्रदान गर्न गर्ने योजना ल्याउन सक्छ । स्वदेश उत्पादनलाई प्रोत्साहन गर्न सक्छ । कृषि उपजको बजार र ढुवानीका लागि योजनाहरू ल्याउन सक्छ । जे गरेर हुन्छ राज्य समस्याको विश्लेषण गर्ने थलो होइन । सरकार समाधान दिने थलो हो । समाधान दिने उचित अवसर पनि छ । त्यसकारण सरकारले युवामैत्री नीति ल्याओस् र युवा जनशक्ति स्वदेशमै राखोस् । जसले मुलुकको भविष्य आफैँ तय गर्छ ।

# मातृ देवो भव : आमाको मुख हेर्ने पर्व

*पूर्वीय दर्शनले आमालाई वात्सल्य प्रेमकी प्रतिमूर्ति मानेको छ । सम्पूर्ण धर्ती आमाको प्रतीक भएकाले बसुधाभित्र रहेका सबै प्राणीहरूलाई एकैपरिवार, कुटुम्बको रूपमा स्वीकार गरेको छ । बसुधैव कुटुम्बकम् पूर्वीय चिन्तन हो भने सारा धर्ती वातावरणीय दृष्टिले सफा, सुग्घर हुनुपर्छ भन्ने विश्वभरिका सबैको मान्यता रहेको छ ।*

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

माता भन्नु धर्ती, धरणी वा पृथ्वी हो जुन स्वर्गभन्दा प्यारो हुन्छ । त्रेता युगमा भगवान श्रीरामले लंका विजय गरेपछि भाइ लक्ष्मणले स्वर्णपुरी लंकामै बस्न अनुरोध गर्दा जवाफमा श्रीरामले भनेका थिए, "अपि स्वर्णमयी लंका न मे लक्ष्मण रोचते । जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि ॥" अर्थात् भाइ लक्ष्मण सुनको लंका भए पनि मलाई मेरै जन्म भूमि प्यारो छ ।

धेरै नेपाली विदेश छन्, रोजगारी र आफ्नो प्रगति हेतु, घरगाउँमा आमाहरुलाई लालन पालन हेर विचार गर्नेहरुको कमी छ । त्यसो त मातृभूमिलाई मलजल गर्ने नेतृत्वको पनि अभाव खड्किएको अवस्था छ अहिले । असल संस्कार, शिक्षा, संस्कृति र सभ्यताको परिचय दिँदा सर्वप्रथम देशप्रेमको भावना सिकाइन्छ । व्यक्ति नैतिक र चारित्रिक हुन स्वदेशप्रिय हुनैपर्छ । जन्मदिने आमा र जन्मभूमि स्वर्गभन्दा पवित्र मानिएको छ । पृथ्वी सबै प्राणी जगत्की आमा हुन् । प्राणीका लागि आवश्यक जल, अन्न सबै धर्तीबाटै प्राप्त हुनेगर्छ । सबै शक्तिभन्दा अक्षुण शक्तिका रूपमा सर्वेश्वरी धर्तीलाई शास्त्रकारहरुले मानेका छन् । धार्मिक कृत्यमा सर्वप्रथम त्वमेव माता भनेर प्रार्थना, पुकार गरिन्छ । जन्म दिएर, स्तनपान गराएर, पहिलो शिक्षा दिएर आमाले सन्ततिलाई पहिलो आश्रय दिएकी हुन्छिन् । त्यस्तै धरणी, धर्ती, पृथ्वी माताले सबै प्राणीप्रति दया र उदार स्वभाव व्यवहारतः प्रदर्शित गरेकी हुन्छिन् । पृथ्वीको अर्को नाम सबैलाई धारणा गर्ने हुँदा धरा पनि भन्ने गरिन्छ । धर्तीको संस्मरण, जन्मदिने आमाप्रति देखाउने सदावहार सद्भावको अर्को नाम हो मातृऔँसी : आमाको मुख हेर्ने दिन वैशाख कृष्ण औँसी ।

पखेटा बलिया नभइसकेका चराचुरुङ्गीहरुले माउको ओत पाएझैँ, नवजात बाच्छा बाच्छीहरुले दूध अमृतपान गरेर शरीर हुर्काएझैँ, सम्पूर्ण जीवात्माहरुलाई बल एवम् निर्बल दुवै अवस्थामा मातृ स्नेह आवश्यक पर्छ । सन्तान कुपुत्र वा कुसन्तान हुन सक्लान् तर, कुमाता कदापि नहुने कुरा त धर्तीमा जोसुकैले कुल्चदा, फोहोर गर्दा, प्रदूषित बनाउँदा, भत्काई टुटाई गर्दा पनि धर्तीले कुनै प्रतिक्रिया नदिएबाट नै स्पष्ट हुन्छ । पूर्वीय दर्शनले आमालाई वात्सल्य प्रेमकी प्रतिमूर्ति मानेको छ । सम्पूर्ण धर्ती आमाको प्रतीक भएकाले बसुधाभित्र रहेका सबै प्राणीहरुलाई एकैपरिबार, कुटुम्बको रूपमा स्वीकार गरेको छ । बसुधैव कुटुम्बकम् पूर्वीय चिन्तन हो भने सारा धर्ती वातावरणीय दृष्टिले सफा, सुग्घर हुनुपर्छ भन्ने विश्वभरिका सबैको मान्यता रहेको छ । सर्वेश्वर श्रीकृष्णका दुई पत्नी भूदेवी र श्रीदेवी हुन् । श्रीदेवीलाई सौभाग्य सहितकी चल् सम्पत्ति मानिन्छ भने स्थीर लक्ष्मी भनेकी भूदेवी अचल सम्पति नै हुन् । देवीका प्रतिमूर्तिहरु सीता, लक्ष्मी, गंगा आदि सबै धर्तीबाटै उदय भएका हुन् ।



मातृवत्सला नवधा भक्तिको उदय गराउने माता देवहुती, कृष्णकी माता देवकी एवम् यशोदा र सम्पूर्ण देवताहरु पैदा गर्ने अदिति एवम् राक्षस स्वभावका प्राणी आसुरी शक्ति पैदा गर्ने दिती पनि धर्तीकै प्रतिमूर्ति हुन् । देवस्वरूप राम, आदि चारभाइ पैदा गर्ने कौशल्यादेखि प्रह्लादको जन्मदिने कयाधुसम्म सबै धर्तीकै प्रति मूर्ति हुन् । शिवकी प्रिया शिवा, विष्णु प्रिया लक्ष्मीदेखि सृष्टि कर्ता ब्रह्मप्रिया सरस्वतीसम्म माताका प्रतिमूर्तिहरु हुन् यस अर्थमा चेतनशील प्राणी विशेषदेखि जड पदार्थ पंचतत्वको संरक्षिकाका रूपमा पनि पृथ्वी वा धर्ती मातालाई नै लिइन्छ ।

पूर्वीय दर्शनको प्रारम्भिक शास्त्र ऋग्वेदले अन्न उब्जाएर प्राणी रक्षा गर्ने, बस्त्रादिको कच्चापदार्थ उब्जाएर प्राणीहरुको पृष्ठ पोषण गर्ने शरीर ढाक्ने, कार्यमा संरक्षण गर्ने धर्तीलाई पहिलो पूजा गर्नुपर्ने मान्यता राखेको छ । अग्निमा आहुती दिँदा सर्वप्रथम भूस्वाहा भनिन्छ । मानिसहरुले अन्न ग्रहण गर्दा सर्वप्रथम भूदेवीलाई अर्पण गरेर मात्र गर्छन् । आधुनिक विज्ञानले धर्तीलाई प्रयोगशालाको रूपमा लिएको छ । धर्तीमा उत्खनन् भएका सारा पदार्थहरुको प्रयोग गरी विज्ञान जगतले चमत्कारपूर्ण प्रदर्शन गरेको छ । अथर्व वेदले भूमिलाई आमा र अन्य सबै जीवात्माहरुलाई सन्ततिका रूपमा हेरेको छ । रामायण जस्तो रसिलो काव्यले मातृ भावलाई जीवन्त बनाएको छ । रचनाकार बाल्मीकिदेखि सन्त तुलसीदाससम्मले मातृभावको खुलेर चर्चा गरेका छन् । रघु कुलका राघव विश्वका संरक्षक आदर्श पुरुष श्रीरामले जन्मलिएको कौशल्याको गर्भलाई सम्पूर्ण ब्रह्माण्डको पूर्व दिशा बनाएका छन् । ज्ञान, कर्म र उपासनाकी प्रतिमूर्ति कौशल्या, कैकेयी एवम् सुमित्राका गर्भबाट चार वेदस्वरूप चार भाइको जन्म भएको र यसलाई सम्पूर्ण धर्तीमा चार दिशा भनी मानिएको छ ।

महाभारतमा माता कुन्तीलाई मातृ स्नेहको खरो उदाहरणको रूपमा स्पष्ट पारिएको छ । पूर्वीय वाङ्गमयमा मातृचर्चा सबैजसो स्थानमा भएकै पाइन्छ । जन्मदिने आमाको आशीर्वादले मानिसहरु जस्तोसुकै विषम परिस्थितिबाट सहजै पार पाउन सक्ने हुन्छन् । शास्त्रले आमालाई तीर्थको रूपमा स्वीकारेको छ । आमाप्रतिको उदारभाव भनेको तीर्थ सेवा हो भनिएको छ । जीवित आमालाई हर तरहले खुसी, सुखी पार्ने सन्ततिको वाक् सिद्धि हुने कुरा शास्त्रहरुले वर्णन गरेका छन् । आमाको संरक्षण गर्ने व्यक्तिले टाढा टाढाको तीर्थ सेवा गरिराख्नु पर्दैन भनिएको छ । आमालाई सदैव वन्दना, प्रार्थना त गर्नु पर्छ नै, वृद्ध आमा बाबुको सेवा गर्ने श्रवणकुमार चरित्र पनि पठनीय छ ।

आमाको मुख हेर्ने औँसीले प्रतीकात्मक रूपमा मातृ स्नेह नै दर्शाउँछ । टाढा रहेका सन्ततिहरुले वर्षमा एक पटक भएपनि आमालाई मनपर्ने खाना, वस्त्र, उपहार, दक्षिणा दिएर आशीर्वाद लेऊन् भन्ने यस पर्वको मान्यता हो । जीवित आमा नहुनेहरुले यस दिन जलदान, पिण्डदान, सीदा दान गर्ने गर्छन् । मृत आमाहरुको सम्झनामा स्नेहभाव प्रकट गर्न अनेका तीर्थ, धाम क्षेत्रमा जाने पनि चलन छ ।

> *आमाको मुख हेर्ने औँसीले प्रतीकात्मक रूपमा मातृ स्नेह नै दर्शाउँछ । टाढा रहेका सन्ततिहरूले वर्षमा एक पटक भएपनि आमालाई मनपर्ने खाना, वस्त्र, उपहार, दक्षिणा दिएर आशीर्वाद लेऊन् भन्ने यस पर्वको मान्यता हो । जीवित आमा नहुनेहरूले यस दिन जलदान, पिण्डदान, सीदा दान गर्ने गर्छन् । मृत आमाहरूको सम्झनामा स्नेहभाव प्रकट गर्न अनेका तीर्थ, धाम क्षेत्रमा जाने पनि चलन छ ।*

काठमाडौं उपत्यकाको थानकोट नजिक मातातीर्थ कुण्डमा यसदिन विशेष मेला लाग्ने गर्छ । कपाल मुण्डन गर्ने, श्राद्धादि कार्य गर्ने चलन त्यहाँ रहेको छ । मृत आमाहरुलाई यसदिन यसै कुण्डमा दर्शन मिल्छ भन्ने परम्परा रहेको पनि छ । साना ठूला दुई पोखरी रहेको त्यो कुण्डमा पहिले ठूलो चौर थियो । गाई गोठालाहरुले त्यहाँ गाई वस्तु चराउने गर्थे । यस्तो गर्दा गर्दै आफ्नो खानेकुरा खाजा हराउन थालेछ । पछि के भएको होला भन्दाभन्दै ठूला मानिस, अभिभावकहरुले पनि साविकदेखि नै यहाँ गोठालाहरुका खाजा हराउने गरेको कुरामा विश्वास गरेछन् । गाउँलेहरु मिलेर त्यस क्षेत्रमा खनेर कुण्ड बनाएछन् । यसरी माता तीर्थ कुण्ड नामले प्रसिद्धि पाएछ त्यो स्थानले । ठूलो पोखरीमा स्नान गर्ने सानोचाहिँमा मृतआमाहरुको मुख हेर्ने चलन चलेछ । यो अहिले पनि छँदैछ ।

एक पटक त्यहाँ एउटा गोठालोले भात लगेर त्यस कुण्डमा हालिदिएछ, आमाको सम्झनामा हालेको भात मृत आमा प्रकट भएर खाएको दृश्यसमेत देखिन पुग्दा झन् विश्वास बढेछ । एकपटक द्वापर युगमा श्रीकृष्ण आमालाई खोज्दै यहाँ आइपुगेका, श्रीकृष्णले आफ्नी आमा देवकीले त्यहाँ स्नान गरिरहेको दृश्य देखिएको र त्यो दृश्य देखिएको दिन वैशाख कृष्ण औँसी परेकोले त्यसै बेलादेखि मातृ औँसीको रूपमा यहाँ आफ्नी आमाको नाममा श्रद्धाभाव प्रकट गर्नेहरुको घुइँचो चल्न लागेका कथाहरु छन् । शास्त्रहरुमा गुमेकी आमा त्यहाँ भेटिन्छिन् भन्ने पौराणिक मान्यता रहेकाले पनि यस दिन आमाप्रति श्रद्धाभाव सबैतिर देखिने गरेको हो ।

## सामाजिक सञ्जाल



- नवराज पन्त

आज भारतमा कच्चा तेलको मूल्य प्रति ब्यारेल ८६ डलर छ । भारतले पनि रुसको तेल आयात गर्छ । रुसको इएसपिओको मूल्य प्रति ब्यारेल ७४ डलर मात्र छ । प्रति ब्यारेलमा १२ डलरसम्म मार्जिन छ । त्यो इन्धनको पैसाले भारतले राज्य चलाउँछ । तर, नेपालले इन्धनमा होइन बिजुलीको उच्चतम उपभोगमा जोड दिनुपर्छ ।



- प्रेम घर्ती मगर

विद्यालय भनेको विद्यार्थीको पाठशाला/मन्दिर हो । त्यहाँ कसैलाई भेदभाव नगरी शिक्षा दिनु शिक्षकको धर्म हो । कोही जानेर आएको हुँदैन । हरेक विद्यार्थीको आ-आफ्नो क्षमता हुन्छ । कुनै पढाईमा, कुनै अन्यमा । त्यसैले, विद्यार्थीहरुलाई यो वा त्यो नभनी शिक्षा दिनु शिक्षक र विद्यालयको धर्म/कर्म हो ।



- ओमकुमार थापा

मिटरब्याज असुलेर सर्वसाधारण जनतालाई घरबारबिहीन बनाउनु जघन्य अपराध हो । उक्त अपराधमा संलग्नलाई सर्वस्वहरण गरी आजीवन काराबासको सजाय दिनुपर्ने सरकारले न्यायको भिख माग्ने पीडितका टाउकोमा लाठी बर्साउने सरकार नेतृत्व कहाँबाट परिचालित रहेछ छर्लङ्ग भएन र ?



- रुद्र पाण्डे

नेपालको उच्च शिक्षा सरकारी एकाधिकारले ध्वस्त भो । टियू, केयू, पियू आदि विश्व विद्यालयका स्नातक र स्नातकोत्तर लेभलका कक्षा खाली । विद्यार्थी नेपालका सरकारी विश्व विद्यालयमा भर्ना हुन नै छोडे । न भर्ना समयमा हुन्छ, न परिक्षा, न शिक्षक कक्षामा आउँछन् । जुन देशको उच्च शिक्षाको यो हालत छ, त्यो देश त अवश्य डुब्छ ।

# प्रविधिमय प्रेम

विचार



● क्षमा शर्मा

आजकल डेटिङ्ग साइट र एप्स हाबी छन् । केही वर्ष अगाडिसम्म, लगभग हरेक सेलिब्रेटीलाई एउटै प्रश्न सोधिएको थियो, के तपाईं 'टिण्डर'मा हुनुहुन्छ । टिण्डर एक धेरै लोकप्रिय साइट हो । जहाँ तपाईं कसैलाई उसको फोटो हेरेर छान्न सक्नुहुन्छ । भेट्न सक्नुहुन्छ । घुम्न सक्नुहुन्छ । अनि जहिले मन लाग्छ छोड्न पनि सक्नुहुन्छ । अहिलेको प्रेम प्रविधिसँगै छ ।

